आज मिति २०७७ साल जेष्ठ ३० गते प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा जिल्ला स्तरीय Crisis Management Center को बैठक बसी देहाय बमोजिमको पदाधिकारीका उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थित

जिल्ला स्तरीय **Crisis Management Center** का पदाधिकारी

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रुद्रादेवी शर्मा | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री फणिन्द्र दाहाल | समन्वय अधिकारी | जिल्ला समन्वय समिति | |
| ३. | श्री गणेश सिं भण्डारी | प्रमुख सेनानी | नयाँ गोरख गण | |
| ४. | श्री बसन्त पाठक | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ५. | श्री रमेश कुमार थापा | स. प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| ६. | श्री सुबास कार्की | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ७. | श्री जितेन्द्रकुमार कर्ण | नि.कार्यालय प्रमुख | स्वास्थ्य कार्यालय | |
| ८. | डा. आनन्द प्रसाद आचार्य | चिकित्सक | जिल्ला अस्पताल | |

सल्लाहाकार समूह

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री प्रेम बहादुर खड्का | प्रमुख | जिल्ला समन्वय समिति | |
| २. | श्री रमेश कुमार बस्नेत | नगर प्रमुख | मन्थली नगरपालिका | |

आमन्त्रित

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | माननीय शान्ति प्रसाद पौडेल | प्रदेश संसाद | बागमति प्रदेश | |
| ३. | श्री आनन्द श्रेष्ठ | सचिवालय सदस्य | नेकपा (नेकपा) | |
| ४. | श्री लेख बहादुर कार्की | सचिव | नेपाली काँग्रेस | |
| ५. | श्री सन्तोष कुमार भट्टराई | सेनानी | नयाँ गोरख गण | |
| ६. | श्री केशवप्रसाद घिमिरे | अध्यक्ष | रामेछाप उद्योग बाणिज्य संघ | |
| ७. | श्री शिव कार्की | सभापति | नेपाल रेडक्रस सोसाईटी | |
| ८. | श्री रमेश ढुंगेल | अध्यक्ष | पत्रकार महासंघ | |
| ९. | श्री हिमाल ढुंगेल | सञ्चारकर्मी | पत्रकार महासंघ | |
| १०. | श्री नवराज पथिक | सञ्चारकर्मी | पत्रकार महासंघ | |
| ११. | श्री रामचन्द्र वि.क. | सञ्चारकर्मी | पत्रकार महासंघ | |
| १२. | | | | |
| १३. | | | | |
| १४. | | | | |

निर्णयहरु

विश्वव्यापी महामारीको रुपमा लिएको कोभिड-१९ को संक्रमण सम्बन्धमा संक्रमण ऐन, २०२० को दफा २ अनुसार यस जिल्ला भित्र लागू हुने गरी देहाय बमोजिम निर्णय गरियो ।

१. देहाय बमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्ने ।

क) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),

ख) अनुमतिप्राप्त बाहेकका अन्तराष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत,

ग) तोकिएबाहेकका अन्तराष्ट्रिय सीमा नाकाबाट हुने आवत जावत,

घ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,

ङ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्लेलन,

च) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल,

छ) सार्वजनिक पुस्तकालय, सङ्ग्राहालय, चिडियाखाना,

ज) स्पा, सैलुन तथा व्युटी पार्लर,

झ) स्विमिङ पुल, जिमखानालगायत हेल्थ क्लब,

ञ) सपिङ मल,

ट) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,

ठ) सबै प्रकारका धार्मिक तथा समाजिक स्थल,

ड) यात्रुबाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधन समेत) ,

ढ) रामेछाप जिल्लाको हकमा जिल्ला भित्र मात्र जोर विजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी बाहेक अन्य निजी सवारी साधनहरु,

२. सम्बन्धित निकाय/व्यवसायी/व्यक्ति/संघ संस्थाहरुले दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुन पानीले हाल धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहाय बमोजिमका सेवा र कार्यहरु नियमित रुपमा सञ्चालन गर्ने:

क) स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिक समेत),

ख) सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उत्पादनदेखि विक्री वितरणसम्मका सबै श्रृङ्खला),

ग) सबै प्रकारका ढुवानी (चालक र सहचालक मात्र रहने गरी),

घ) पैदल आवागमन,

ङ) साइकल र मोटरसाइकल (चालक मात्र रहने गरी),

च) जिल्ला भित्र मात्र जोर विजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सवारी साधान (चालक बाहेक थप २ जना मात्र सवार हुने),

छ) फोहोरमैला व्यवस्थापन,

ज) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाकसम्बन्धी सेवा,

झ) नर्सरी र वनजन्य उद्यम,

ञ) विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धितसमेत) ,

ट) निर्माण कार्य (निजी समेत),

ठ) नदी तथा खनीजजन्य पदार्थ उत्खनन्, सङ्कलन, ढुवानी र बिक्री वितरण

ड) रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा,

ढ) क्वारेन्टिनका लागि तोकिएको होटल र यातायातका साधन,

३. अत्यावश्यक खाद्यान्न, तरकारी, फलफूल, दुध, डेरी, पसलहरु विहान ६:०० बजे देखि दिउँसो १:०० बजे सम्म सञ्चालन गर्ने ।

४. उल्लेखित सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धित निकाय, व्यवसायी, संघ, संस्थाहरुले विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारबाट निर्देशित जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गर्ने/गराउने ।

५. अन्तर जिल्ला र उपत्यका प्रवेशको लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी पास लिएर मात्र यात्रा गर्ने

६. स्वास्थ्यकर्मी, डाक्टरको उपलब्धताको आधारमा जिल्ला स्तरमा राख्नु पर्ने आसोलेसनको संख्या सहितको **Plan** जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला अस्पताल रामेछापले २०७७/०२/३२ को समन्वय बैठकमा पेश गर्ने ।

७. व्यक्तिगत सुरक्षा सामाग्री **(PPE)** अत्यावश्यक तोकिएको प्रयोजन र संक्रमित व्यक्तिको उपचार, शव व्यवस्थापनमा प्रयोग गर्न आवश्यक भएकोले सबै पालिकामा रहेका सामाग्री सुरक्षित आवस्थामा राख्ने र थप खरिद गर्न सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

८. विदेशबाट स्वदेश फर्किने नागरिकको लागि काठमाण्डौ **Holding** स्थानबाट रामेछाप सेलेघाटको **Holding** स्थानसम्म ल्याउनको लागि हाल रामेछाप नगरपालिकामा रहेको बा.१२ च ५५५५ नम्बरको एम्बुलेन्सलाई अर्को व्यवस्था नभए सम्म **Dedicated** खटाउने र सेलेघाटबाट सम्बन्धित पालिकासम्म पालिकाले पुर्‍याउने ।

९. उल्लेखित व्यवस्थाहरु तत्काल प्रारम्भ भई अर्को निर्णय नभएसम्म जारी रहने छ ।